"कृषि, पर्यटन र व्यापार, समृद्ध नमोबुद्धको आधार"

# नमोबुद्ध नगरपालिका

ན་མོ་བུདྡྷ་ ན་གར་པ་ལི་ཀ།

## नगर कार्यपालिकाको कार्यालय

भकुण्डेबेशी, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

०११-४०४०३१
०११-४०४०६८

पत्र संख्याः २०८२/०८३ मितिः२०८३/०२/०५

चलानी नः ने.सः ११४६

## बर्ड फ्लु रोग सम्वन्धि अत्यन्त जरुरी सूचना ।

बागमती प्रदेशको काभ्रेपलाञ्चोक जिल्ला, नमोबुद्ध नगरपालिका वडा नं २ स्थित २६ बाहिनी सैनिक व्यारेक वरिपरी रहेका कागहरु दैनिक रुपमा मरिरहेको र उक्त कागहरुमा बर्ड फ्लु रोग संग मिल्दोजुल्दो लक्षण देखा परेको हुँदा नमुना संकलन गरी केन्द्रीय पशुपन्छी रोग अन्वेषण प्रयोगशाला, त्रिपुरेश्वर, काठमाडौमा नमुना पठाउदा उक्त कार्यालयको मिति २०८३/०२/०४ गतेको परिक्षणको नतिजा अनुसार मोलिकुलर विधिवाट परीक्षण गर्दा बर्ड फ्लु रोग (Low pathogenic - H9) प्रमाणित भएको छ । उक्त रोगबाट उत्पन्न हुन सक्ने सम्भावित क्षति एवं जनस्वास्थ्यमा पर्न सक्ने जोखिम हुन नदिन तथा अन्यत्र फैलन नदिन तपसिलका विषयमा ध्यान दिई निरन्तर सहयोग गरिदिनु हुन नगरवासी लगायतका सम्पूर्ण सरोकारवालाहरुलाई हार्दिक अपिल गर्दछौं ।

- पन्छी फार्म परिसरमा जैविक सुरक्षाका विधिहरू अवलम्वन गर्न/गराउनु हुन ।
- पन्छी फार्ममा अनावश्यक व्यक्ति र सवारी साधनलाई प्रवेश नगराउनु हुन ।
- फार्म परिसरभित्र कुकुर, बिरालो, मुसा लगायतका अन्य पशुपन्छी प्रवेश गर्न नसक्ने व्यवस्था गर्नु हुन ।
- पन्छी फार्ममा काम गर्ने व्यक्तिहरुले व्यक्तिगत सुरक्षाका उपायहरु अवलम्बन गर्ने, नियमित हात खुट्टा धुने र स्वास्थ्य सम्बन्धी कुनै समस्या देखिएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्नु हुन ।
- पन्छी फार्ममा प्रयोग भएका उपकरण तथा सामाग्रीहरु नियमितरुपमा निःसंक्रमण गरी प्रयोग गर्नु हुन ।
- सम्पूर्ण पन्छीपालक कृषकहरूले फार्म परिसरमा नियमित रूपमा निःसंक्रमण गर्न तथा व्यक्तिगत सरसफाइमा विशेष ध्यान दिनु हुन ।
- घरपालुवा पन्छीलाई जंगली पन्छीहरूको सम्पर्कमा आउन नदिन खुल्ला रूपमा गरिने पन्छीपालनलाई निरूत्साहित गर्न/गराउनु हुन ।
- पन्छी तथा पन्छीजन्य उत्पादनको ओसारपसार गर्दा अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गरी भेटेरिनरी प्रमाणपत्र लिएर मात्र गर्न/गराउन हुन ।

कुनै पनि पन्छी फार्म वा अन्य पन्छी विक्री स्थलमा अस्वाभाविक रूपमा पन्छी विरामी परेमा वा मरेमा तत्काल नजिकको पशु सेवाका निकायमा सूचना गरिदिनु हुन हार्दिक अपिल समेत गर्दछौं । थप जानकारीको लागि ९८६१०१५३२१ मा सम्पर्क गर्न सकिने छ ।

२०८३/०२/०५

(कृष्ण गिरी)
प्रमुख प्रशासकीय अधिकृत